प्रतिदिन १६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

वर्ष-१६ । । अङ्क : २०८ ॥ २०८१ भाद्र २४ गते सोमबार (9th Sep 2024 Monday)
Pratidin National Daily
मूल्य–रु.५/–

स्वच्छ समाजको निर्माणमा सहभागी बनौ

- सम्भव भएसम्म बिद्युतीय चुलो प्रयोग गर्न प्रोत्साहन गरौं,
- प्लाष्टिकजन्य सामग्रीको प्रयोगलाई निरुत्साहित गरौं,
- वनक्षेत्रको अतिक्रमण र डढेलो नियन्त्रण गरौं,
- हिमताल, जलाधार, सीमसार तथा पानीका स्रोतहरुको संरक्षण गरौं,
- नदी र खानीजन्य स्रोतको उत्खननलाई व्यवस्थित गरौं,
- भिरालो वा तटीय जमीन सुरक्षित गर्न बायो-इन्जिनियरिङ प्रविधिको प्रयोग गरौं,
- पारिस्थितिक प्रणाली (Ecosystem) को संरक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

गौ हत्यामा संलग्न चारजना पक्राउ

झापा(प्रस) । झापाको दमकमा भएको गौ हत्यामा संलग्न चारजनालाई पक्राउ गरी प्रहरीले सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेहरुमा तीनजना भुटानी शरणार्थी र एकजना स्थानीय महिला रहेका छन् । पक्राउ पर्नेमध्ये दमक नगरपालिका वडा नं. ३ बेलडाँगीस्थित भुटानी शरणार्थी शिविर क्याम्प नं. २ छाप्रो नम्बर ३३२ बस्ने ४४ वर्षीय प्रेमबहादुर बिष्ट रहेका छन् । उनी यसअघि पनि बिभिन्न मितिमा चोरी, डाँका र केही सार्वजनिक अपराधमा इलाका प्रहरी कार्यालय दमकबाट मुद्दा दर्ता भई कार्वाहीमा परेका थिए ।

त्यस्तै बेलडाँगीस्थित भुटानी शरणार्थी शिविर क्याम्प नं. ३ छाप्रो नम्बर एथ्री -२०८ बस्ने ३८ वर्षीय खगेन्द्र दुलाल पनि पक्राउ परेका छन् । उनी पनि यसअघि बिभिन्न मितिमा जिल्ला प्रहरी कार्यालय झापाबाट जबरजस्ती करणी मुद्धा र इलाका प्रहरी कार्यालय दमकबाट पशुपंछीसम्बन्धी कसुर मुद्दामा मुद्दा दर्ता भई कार्वाहीमा परेका थिए ।

त्यस्तै बेलडाँगीस्थित भुटानी शरणार्थी शिविर क्याम्प नं. ३ छाप्रो नम्बर एटु - १२० बस्ने बस्ने ३२ वर्षीय बिधान थापा पक्राउ परेका छन् । उनी पनि यसअघि बिभिन्न मितिमा इलाका प्रहरी कार्यालय दमकबाट केही सार्वजनिक अपराधमा मुद्दा दर्ता भई कार्वाहीमा परेका थिए ।

त्यस्तै सोही घटनामा संलग्न भएको आरोपमा दमक नगरपालिका वडा नं. ४ बस्ने ४५ वर्षीया गिता श्रेष्ठ पनि पक्राउ परेकी छन् ।

भदौ १८ गते राति दमक नगरपालिका वडा नं. २ बस्ने लक्ष्मण बिष्टको वडा नं. १ स्थित पानीट्यांकीनजिक गोठमा बाँधिराखेको २ महिनाको गर्भेणी गाईलाई चोरी गरी गोठदेखि सय मिटर पूर्वतर्फ रहेको खाली प्लटिङ जग्गामा लगेर उनीहरुले काटेका थिए । टाउकोमा बन्चरो प्रहार गरी मारेर खुट्टा ,करङ तथा घाँटीको मासु काटी अन्य शरीरको भाग घटनास्थलमा छोडेका थिए । घटनापश्चात् फरार रहेका उनीहरुको खोजतलास गर्नेक्रममा मानिससहित विभिन्न सामान बरामद भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए । उनले घटनामा प्रयोग भएको खुकुरी थान १, बन्चरो थान १ र मासु बोक्न प्रयोग गरेको झोला थान १ उनीहरुको कोठाबाट भदौ २१ गते बरामद भएको जानकारी दिए । उनीहरुमाथि पशुपंछीसम्बन्धी कसुरमा मुद्धा चलाउने जनाइएको छ ।

अवैध सामानसहित ३ वटा भारतीय कार र चालक पक्राउ

झापा(प्रस) । अवैध सामानसहित तीनवटा भारतीय कार र त्यसका तीनजना चालकलाई प्रहरीले पक्राउ गरेको छ ।

शनिवार दिउँसो ४.३० बजे मेचीनगर नगरपालिका वडा नं.६ भन्सार गेट पछाडि भारतबाट नेपालतर्फ आउँदै गरेको WB74N6878,WB74P7799 र WB74N8562 नं को भारतीय कार र त्यसका चालकहरु अवैध सामानसहित पक्राउ परेका हुन् । ती कारलाई शंका लागेर चेकजाँच गर्दा अन्दाजी ३ लाख ९९ हजार १०० रुपैयाँ बराबरको पुरुष ट्राउजर ११० पिस, लेडिज ट्राउजर ४२ पिस, रुमाल १२५० पिस, लेडिज सर्ट २२ पिस, कुर्था ३२ पिस, भेष्ट ५३ पिस , लेडिज ब्रा ५२८ पिस, लेडिज भेष्ट १८ पिस, कुर्थी १० पिस र लेडिज सर्ट १७ पिस फेला परेको थियो ।

ती सामानहरुसहित अन्दाजी २४ लाख बराबरको ती ३ वटा कार र त्यसका चालकहरु भारत दार्जिलिङ पानीट्याङकी बस्ने ४२ वर्षीय रामदयाल बर्मन , सोही ठाउँ बस्ने ३३ वर्षीय अमित राय र ४६ वर्षीय राजकुमार घोषलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका डीएसपी कृष्णकुमार चन्दले बताए । त्यसैगरी शनिवार साँझ ७ बजे मेचीनगर नगरपालिका वडा नं.६ मेची पुलमा नेपालबाट भारततर्फ अवैध रुपमा भन्सार छली लुकाई छिपाई लाँदैं गरेको सिल्क एण्ड साईन क्रिम १२१ पिस र भारतबाट नेपालतर्फ ल्याउँदैं गरेको बिभिन्न किसिमका किराना सामानहरु अन्दाजी १ लाख ५१ हजार बराबरको नियन्त्रणमा लिई आवश्यक कार्वाहीको लागि मेची भन्सार कार्यालय काँकरभिट्टामा बुझाउने तयारी भइरहेको डीएसपी चन्दले जानकारी दिए ।

प्रादेशिक आयुर्वेद अस्पतालको सेवा विस्तार

झापा(प्रस) । कमल गाउँपालिका वडा नं.७ लखनपुरमा रहेको प्रादेशिक आयुर्वेद अस्पतालको सेवा विस्तार भएको छ । एक्सरे, अन्तरङ्ग, इसिजी, जडीबुटीबाट औषधि उत्पादन, जीवन व्यवस्थापन पद्धतिलगायतका सेवा विस्तार गरिएको हो । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले ती सेवाहरुको आइतवार शुभारम्भ गरेका हुन् । मुख्यमन्त्री कार्कीले आयुर्वेद चिकित्सालाई स्तरीय बनाएर अगाडि लैजानु पर्ने बताए ।

उनले कोशी प्रदेश जडिबुटीहरुको समेत भण्डार रहेको र यही औषधि उत्पादन गरेर प्रदेशको आम्दानी बढाउन सकिने उल्लेख गरे ॥ मुख्यमन्त्री कार्कीले प्रादेशिक आयुर्वेद अस्पताललाई आयुर्वेद स्वास्थ्य विज्ञान प्रतिष्ठानको रुपमा विकास गर्ने योजना बनाएको जानकारी दिए । उनले भने“ यो अस्पताललाई शैक्षिक प्रतिष्ठानको रुपमा विकास गर्ने र आयुर्वेद चिकित्सक र औषधि उत्पादन गर्ने सरकारको लक्ष्य छ ।” यसका लागि अध्ययन कार्यदल गठन गरिएको भन्दै उनले कार्यदलले दिएको प्रतिवेदनका आधारमा काम सुरु गर्ने जानकारी दिए । मुख्यमन्त्री कार्कीले डाक्टर खिमबहादुर कार्कीको नेतृत्वमा बनाएको कार्यदलले अब एक महिनामा प्रतिवेदन बुझाएपछि तत्काल काम सुरु गर्ने बताए । प्रादेशिक आयुर्वेद अस्पतालका निमित्त प्रमुख सिद्धार्थकुमार ठाकुरको अध्यक्षतामा भएको कार्यक्रममा संविधानसभा सदस्य दिपक कार्की, प्रदेश सभा सदस्यहरु होमबहादुर थापा, राधाकृष्ण खनाल, जिल्ला समन्वय समिति झापाका प्रमुख विश्वनाथ बराल, कोशी प्रदेशका प्रमुख सचिव केदारनाथ शर्मा, दमक नगर प्रमुख रामकुमार थापा, गौरादह नगर प्रमुख छत्रपति सुवेदी, शिवसताक्षी नगर प्रमुख मेघाहाङ थोप्रा, गौरीगञ्ज गाउँपालिका अध्यक्ष फुलवती राजवंशी, कमल गाउँपालिका उपाध्यक्ष प्रमिला न्यौपानेलगायतको उपस्थिति रहेको थियो । गत बैशाखमा सो अस्पताललाई दमक नगरपालिकाले साढे ३ लाख रुपैयाँ बराबरका बिभिन्न प्रकारका औषधि उपलब्ध गराएको थियो । सो अस्पतालको बारेमा भौतिक संरचना मात्र ठुलो भएको तर सेवा विस्तार हुन नसकेको गुनासो रहेको छ ।

बिर्तामोडमा करेन्ट लागेर एकजना गंभीर घाइते

झापा(प्रस) । झापाको बिर्तामोडमा करेन्ट लागेर एकजना गंभीर घाइते भएका छन् । आइतवार दिउँसो २.१५ बजेतिर बिर्तामोड ५ निवासी मंजिला तिवारीको घर रंगरोकन गर्नेक्रममा करेन्ट लागेर लागेर कन्काई ४ बस्ने मदन राई गंभीर घाइते भएका हुन् । उनलाई उपचारका लागि बीएण्डसी अस्पतालमा भर्ना गरिएको छ । घाइते राईको अबस्था मध्यम रहेको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टले जानकारी दिएका छन् । उता विराटनगर महानगरपालिका-४ स्थित एउटा मिलमा करेन्ट लागेर मिल सञ्चालकको मृत्यु भएको छ । मोरङ प्रहरीका प्रवक्ता डीएसपी ज्ञानेन्द्रबहादुर बस्नेतले विराटनगर-४ इक्राहीका ५२ वर्षीय अवधनारायण मोदीको मृत्यु भएको जानकारी दिए ।

मोदीलाई आफ्नै धान कुट्ने मिलमा करेन्ट लागेर गम्भीर घाइते भएको अवस्थामा फेला पारिएको उनको भनाइ छ ।

धान कुट्न गएकाहरूले मिलमै लडिरहेको देखेर परिवारका सदस्यलाई खबर गरेका थिए । गम्भीर घाइते अवस्थाका मोदीलाई तत्काल उपचारका लागि मोरङको बूढीगंगास्थित विराट शिक्षण अस्पताल लगिएको थियो । अस्पताल पुऱ्याउनसाथ चिकित्सकले मृत घोषित गरेका हुन् । डीएसपी बस्नेतका अनुसार मिलको बल्ब परिवर्तन गर्ने क्रममा मोदीलाई करेन्ट लागेको पाइएको छ । घटनाको अनुसन्धान सुरू गरिएको उनको भनाइ छ।

दुई पटक निर्वाचन हारेर कहिल्यै नथाकेका नेम्वाङ

• विनोद सापकोटा

झापा ।दुर्गा नेम्बाङ शिवसताक्षी नगरको हकमा एउटा चर्चित नाम हो । उनी न सरकारका ठुलो पदको कर्मचारी हुन् न त राजनीतिक दलको नेता । न त ‘सेलिब्रेटी’ नै हुन् । बुढापाका र युवा पुस्ताले रुचाएका नेम्बाङ स्थानीय वडा नम्बर १ धरमपुरका स्थानीय बासिन्दा हुन् ।

पछिल्ला केही वर्षदेखि राजनीतिमा सक्रिय रूपमा देखापरेका नेम्बाङले स्थानीय तहको दुईवटा निर्वाचनमा पराजित हुनु पर्यो । वडा नम्बर १ को वडाध्यक्ष पदमा नेकपा माओवादी केन्द्रबाट उम्मेदवार बनेका नेम्बाङले ०७४ सालमा नेकपा एमालेसँग तीन अंकले पराजित हुनुपर्यो । यस्तै २०७९ सालको निर्वाचनमा पनि उनले एक अंक तल झारेर नेकपा एमालेसँगै दुई अंकले पराजित हुनुपर्यो ।

निर्वाचनमा पराजित भएको पीडा उनलाई एकरति पनि छैन । वडाको विकास निर्माणमा उनी निर्वाचित भएका जनप्रतिनिधिभन्दा बढी तल्लिन छन् । पुलपुलेसा, बाटाघाटा, मठमन्दिर, विद्यालयको पूर्वाधार विकास, शैक्षिक गुणस्तरका लागि नयाँ योजना, खानेपानी, विद्युत विस्तारमा उनको महत्वपूर्ण भूमिका रहेको वडाका स्थानीय बताउँछन्।

वडाको विकासका लागि उनी जति सक्रिय छन् ,त्यति हालका जनप्रतिनिधि पनि नभएको वडाबासी बताउँछन् । स्थानीय विक्रम राईले भने ‘राजनीतिक दलबाट पाउने टिकटमा उम्मेदवार गतिलो भएपनि साना दल भनेर मत दिएनन् । दुर्गा नेम्बाङले निर्वाचनमा पराजित हुनुपर्ने मुख्य कारण पनि मुख्य यही नै हो ।’

उनले नेम्वाङ पराजित नभएर उनी आवद्ध दल पराजित भएको तर्क गरे । तर, उनले वडामा संचालनमा आएका करोडौंका योजनालाई हेर्ने हो भने नेम्वाङको सक्रियता कति छ भन्ने कुराको सहजै मापन गर्न सकिने बताए । वडामा जति पनि विकास निर्माणका आयोजना सम्पन्न वा संचालनमा छन्, ती सबै नेम्वाङको पहल र सक्रियतामा भएका हुन् ।

नेम्वाङ चलचित्रकर्मी पनि हुन् । उनीसंग नेपाल र भारतका केही दिग्गज चलचित्रको निर्देशन गरेको अनुभवसमेत छ । नेपाल चलचित्र विकास बोर्डको सदस्य समेत बनेका नेम्वाङलाई राजनीतिक दलका नेताले पनि उत्तिकै सहानुभूति दिन्छन् । चाहे उनी आवद्ध दल होस् वा इतरको दल नै किन नहोस् । ‘झापाबाट दुर्गा नेम्वाङले तपाईलाई पर्खिरहनुभएको छ’ भन्ने सुईको पाउनेवित्तिकै उनी मन्त्री र मन्त्रालयका सचिवको भेटघाट र कुराकानीका लागि प्राथमिकतामा पर्ने गरेका छन् । नेम्वाङले वडामा ल्याएका योजना, उनको गतिविधि र हाउभाउ हेर्दा स्थानीय तहका प्रमुखको भन्दा कम छैन । केन्द्र र प्रदेश सरकारका योजना ल्याउनेमा उनी नगरमै पहिलो हुन् । स्थानीय भन्छन् ‘नगरका कुनै वडाको विकास जनचाहनाअनुसार भएको छ भने त्यो वडा नम्बर १ र ६ हो ।’ यी दुई वडामा करोडौ रुपैयाँका योजना संचालित छन् । वडा नम्बर १ का लागि दुर्गा नेम्वाङ र वडा नम्बर ६ का लागि वडा अध्यक्ष मनोज खुलाल ‘डायनामिक लिडर’ हुन् ।

अब २०८४ सालको स्थानीय तहको निर्वाचनमा पुनः एकपटक वडा अध्यक्ष पदमा निर्वाचन लड्ने उनको लक्ष्य छ । ‘वडावासीको मन जित्नसके मत पाउँछु । मन जित्न सकेको रहेनछु भने मत पाउँदिन,’ उनले भने ।

वडामा युवा पुस्तालाई समेट्न पछिल्लो पटक उनले एउटा अभियान सञ्चालन गरे । जुन अभियानले शनिबार सार्थकता पायो । उनले लागूऔषध कारोबार वा सेवनमा फसेका युवा पुस्तालाई खेलकुदका सामग्री वितरण गरेर नयाँ आयाम दिए । खेलकुदबाट मानिसको एकाग्रता परिवर्तन गर्न सकिने उनले ठानेका छन् । युवालाई खेल्न दिनु अथवा खेलाउनु कुलतबाट जोगाउने पहिलो उपाय भएको उनले बताए ।

वडाका १६-४० उमेर समूहका युवालाई नेम्बाङले २३ थान फुटबल, ८ थान भलिबल, ४ थान भलिबलको नेट, २ सिट किप्पर ग्लोब, ६८ थान जर्सी, २ थान पोलको नेट र ९ थान कर्कसहितको ब्याडमिन्टन प्रदान गरे । करिब दुई लाखबढीको यी सामग्री खरिदका लागि न त उनले सरकारको गुहार मागे, न आन्तरिक स्रोत नै खर्च गरे । सामाजिक अभियन्ता नेम्वाङलाई माया गर्ने देश विदेशमा रहेका नेपाली युवा पुस्ताले आर्थिक सहयोग गरे । त्यही सहयोगले उनले खेल सामग्री खरिद गरेर युवालाई वितरण गरे । खेल सामग्री वितरण गर्न नेम्बाङले कोशी प्रदेशका पूर्व कृषिमन्त्री झलकसिंह दर्लामी मगर, प्रहरी नायब महानिरीक्षक चन्द्र कुबेर खापुङलाई आफ्नै वडामा बोलाए । करिब ३०० को उपस्थितिमा नेम्वाङ एक्लैले आयोजना गरेको यो कार्यक्रम अन्य औपचारिक कार्यक्रमभन्दा असामान्य थियो । सबै उमेर समूहका वडाका बासिन्दा कार्यक्रममा आएर कार्यक्रमका भीआइपीले बोलेका कुरा ध्यान दिएर सुने ।

LINCOLN
Approved by Ministry of Education, Nepal
T.U Equivalent Degrees
Globally Recognized Courses
ADMISSION
OPEN
International Degree
at your Door Step
www.lincolnbalmiki.edu.np
MBA
2 years program
BBA
4 years program
BHM
4 years program
BIT
4 years program
Balmiki
LINCOLN
COLLEGE
Bitramod, Jhapa, Nepal
023-542373, 9815999988

साक्षरता दिवसमा उत्कृष्टलाई सम्मान

भद्रपुर(प्रस) । अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसर पारेर भद्रपुर नगरपालिकाको शिक्षा शाखाले उत्कृष्ट विद्यार्थी तथा सेवानिवृत्त शिक्षकलाई सम्मान गरेको छ । नगर शिक्षा समितिका अध्यक्ष तथा नगर प्रमुख गणेश पोखरेलको अध्यक्षतामा एसईई परीक्षा २०८० का उत्कृष्ट छात्र–छात्रालाई एक-एक थान ल्यापटप तथा आधारभूत तहको परीक्षा २०८० का प्रथम, द्वितीय र तृतीय हुने छात्र–छात्रालाई नगद १५०० सहित सम्मान गरिएको हो । त्यस्तै २०८०/०८१ मा सेवा निवृत्त भएका शिक्षकलाई सम्मान गर्दै विदाई गरिएको थियो ।

उत्कृष्ट व्यवस्थापन समितिलाई समेत सम्मान गरेको कार्यक्रममा शिक्षा शाखा प्रमुख पवित्रा ढकाल दाहालले औचित्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राखेकी थिइन् भने सञ्चालन योगेन्द्र पौडेलले गरेका थिए । विभिन्न विद्यालयका विद्यार्थीद्वारा कार्यक्रममा विविध साँस्कृतिक प्रस्तुतीसमेत देखाइएको थियो ।

पुरानो बासस्थान रोङमा बन्यो गिद्धको शालिक

झापा(प्रस) । पुरानो बासस्थान रहेको इलामको रोङ गाउँपालिकामा गिद्धको शालिक निर्माण गरिएको छ ।सोह्रौ अन्तर्राष्ट्रिय गिद्ध संरक्षण तथा सचेतना दिवसको अवसर पारेर करसोङ पदमार्गमा गाउँपालिका अध्यक्ष मनिकुमार स्याङबो र उपाध्यक्ष विष्णमाया खवासले गिद्धको शालिक अनावरण गरेका छन् । शालिक निर्माणको लागि युएनडीपीले समेत लगानी गरेको थियो । फाइबरको शालिक निर्माण गर्न १ लाख ६० हजार रुपैयाँ खर्च भएको निर्माण समितिका अध्यक्ष प्रकाश राईले जानकारी दिए । उनका अनुसार शालिक राख्नका लागि मुडा बनाउन करिब १ लाख रुपैयाँ खर्च भएको थियो । शालिक मेची राजमार्गबाट करिब १ किलोमिटर ४ सय मिटर दूरीमा निर्माण गरिएको छ । विशेषगरी गिद्धको पुरानो बासस्थान भएको क्षेत्र भएकाले पहिचानको रुपमा स्थापित गराउन शालिक निर्माण गरिएको निर्माण समितिका अध्यक्ष राईले जानकारी दिए । करसोङ पदमार्गमा पर्ने सलकपुर, जिर्मलेलगायतका क्षेत्रमा गिद्धको बासस्थान समेत रहेको छ । दुई दशक अघिसम्म खोला र वन क्षेत्रमा गिद्धका बथान प्रशस्त पाइने गरेको थियो । अहिले चुरे क्षेत्रमा केही गिद्ध मात्र भेटिएका छन् । बासस्थानका रुपमा तराईमा रहेका अग्ला सिमलका रुख मासिँदा र आहाराको रुपमा रहेका मरेका पशुमा किटनाशक विषादी मिसिएका कारण गिद्धको अस्तित्व सङ्कटमा परेको छ । गिद्ध संरक्षणको सन्देश दिनका लागि शालिक निर्माण गरिएको गाउँपालिका अध्यक्ष स्याङबोले जानकारी दिए ।

झापामा पहिलो पटक मेडिकल शिक्षाको पढाइ

झापा(प्रस) । कोशी प्रदेशको झापामा पहिलो पटक मेडिकल शिक्षाको पढाइ हुने भएको छ ।

बिर्तामोडस्थित बीएन्डसी मेडिकल कलेज एन्ड रिसर्च सेन्टरमा झापामै पहिलो पटक मेडिकल शिक्षाको पढाइ हुने भएको हो । चिकित्सा शिक्षा आयोगको निर्णय अनुसार कोशी प्रदेशको झापा, लुम्बिनी प्रदेशको दाङ, मधेशको जनकपुरमा पहिलो पटक मेडिकल शिक्षाको पढाइ हुने भएको छ । आयोगले सरकारी तबरमा सञ्चालित तीन स्वास्थ्य विज्ञान प्रतिष्ठान र एक निजी मेडिकल कलेजलाई एमबीबीएस लगायत चिकित्सा शिक्षा अध्यापन गराउन सिट निर्धारण गरेको हो । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान जनकपुर, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान दाङ र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान पोखराको सिट निर्धारण गरिएको हो । योसँगै अब सरकारी मेडिकल कलेज ६ प्रदेशमा पुगेका छन् । आयोगका उपाध्यक्ष डा. अञ्जनीकुमार झाका अनुसार बिर्तामोडस्थित बीएन्डसी मेडिकल कलेज एन्ड रिसर्च सेन्टरमा पनि सिट निर्धारण भएको छ । यी चार शिक्षण संस्थामा सन् २०२५ ब्याचदेखि चिकित्सा शिक्षामा एमबीबीएसलगायत स्नातक तह पठनपाठन गराउन आयोगले सिट निर्धारण गरेको हो । पहिलो चरणमा यी शिक्षण संस्थामा एमबीबीएसतर्फ ५०/५० सिट निर्धारण गरिएको आयोगले जनाएको छ ।

न्यौपानेको बिदाई ,पौडेललाई स्वागत

झापा(प्रस) । जिल्ला ट्राफिक प्रहरी कार्यालय बिर्तामोडका प्रमुख, प्रहरी निरीक्षक नवराज न्यौपानेलाई विदाई गरिएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालयमा आयोजित एक कार्यक्रममा न्यौपानेलाई विदाई गरिएको हो । उनी नेपाल प्रहरी विपद व्यवस्थापन कार्यालय तालिम शाखा सामाखुसी काठमाडौ सरुवा भएका छन् । सोही कार्यक्रममा जिल्ला ट्राफिक प्रहरी कार्यालयको नयाँ इन्चार्जको रुपमा आएका गणेश पौडेललाई स्वागत गरिएको छ । पौडेल नेपाल प्रहरी शिक्षालय अन्वेषण योजना शाखा भरतपुर चितवनबाट सरुवा भएर आएका हुन् ।

मोटरसाइकल सर्भिसिङ
गर्नुपरेमा हामीलाई सम्झनुहोस्
भद्रपुर मेचीपारी अनुभवी टेक्निसियनद्वारा मोटरसाइकलको राम्रो सर्भिसिङ गर्नुका साथै सरल तथा सुपथ मूल्यमा पार्टस्हरु पाइन्छ । आउनुहोस् सेवा गर्ने मौका दिनुहोस् ।
सम्पर्क :
सेवा ग्यारेज
गलगलिया, भादगाउँ (मेचीपारी)
मो. ९७६३५२८४२०,९७०३२९५२८१
इन्डियन नं. +९१९६०८३४७५२३

दुर्गा प्रसाईले बनाए युवा दस्ता

झापा(प्रस) । दुर्गा प्रसाई नेतृत्वको राष्ट्, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानको भ्रातृ संगठन नागरिक प्रतिरक्षा बल (पीडीएफ) ले बिर्तामोडमा विरोध प्रदर्शन र सभा गरेको छ ।

बिर्तामोड ३, सैनिकमोडस्थित नागरिक प्रतिरक्षा बलको कार्यालय अगाडिबाट र्‍याली शुरु भएको थियो । सवारीसाधनहरुमा नेपालको झण्डा र पीडीएफ लेखिएको टिसर्ट लगाएर ' भ्रष्टाचारी सरकार मुर्दावाद, निकम्मा सरकार मुर्दावाद, गिरीबन्धु टी इस्टेटको फाइल खुल्ला गर, बैंक, लघुवित्त, सहकारीपीडितलाई न्याय दे' जस्ता नाराहरु लगाउँदै मोटरसाइकल र्‍याली निकालिएको थियो । उक्त मोटरसाइकल र्‍याली सैनिकमोडबाट बिर्तामोड ५ स्थित सिटीसेन्टर, महानन्द चोक, मुक्तिचोक हुँदै चारपाने पुगेर पुनः सिटीसेन्टरमा फर्किएर साई पार्टी प्यालेसको सभाहलमा कार्यक्रममा परिणत भएको थियो । नागरिक प्रतिरक्षा बलका जिल्ला संयोजक भिम तुम्बापोको नेतृत्व तथा राष्ट्, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानका संयोजक प्रसाईंको उपस्थितिमा १५० वटा मोटरसाइकल ,१५वटा अटो, १२ वटा छोटा हात्ती,५-६ वटा साना गाडी गरि करिव ४०० को संख्यामा सहभागी थिए ।जिल्ला संयोजक तुम्बापोको अध्यक्षता तथा राष्ट्, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानका केन्द्रीय संयोजक प्रसाईंको प्रमुख आतिथ्यमा भएको कार्यक्रमलाई संबोधन गर्दै प्रसाईले कम्युनिस्टहरुलाई लातको लात हानेर खेद्न पीडीएफको जन्म भएको चेतावनी दिए । उनले कम्युनिस्टहरुको रणभूमिलाई लछार्दै अब राष्ट्र राष्ट्रियताको भूमि झापा बनाइसकेको दावी गरे ।

कार्यक्रममा नागरिक प्रतिरक्षा बलका सदस्यहरुलाई खादा लगाइदिएर सम्मान गरिएको थियो । साथै राष्ट्रिय स्वतन्त्र पार्टीका मोरङका उम्मेदवार विकास उप्रेतीलगायत ४४ जना दुर्गा प्रसाईको अभियानमा प्रवेश गरेको भनी उद्घोष गरिएको थियो । कार्यक्रममा अभियानका सांस्कृतिक बिभाग प्रमुख माधब कल्पित, उच्च स्तरीय कार्यदलका प्रमुख हरि श्रेष्ठ, नागरिक प्रतिरक्षा बलका केन्द्रीय संयोजक मिलन लामा, पूर्वाञ्चल संयोजक उमेश लामालगायतको उपस्थिति रहेको थियो ।

यस वर्ष पनि बिर्तामोडमा जुत्ता मेला लाग्दै

बिर्तामोड(प्रस) । झापाको बिर्तामोडमा यस वर्ष जुत्ता मेला लाग्ने भएको छ । नजिकिँदै गरेको चाडपर्वको अवसरमा 'दशैं महोत्सव तथा जुत्ता मेला' आयोजना गर्न लागिएको हो ।

महोत्सव तथा
जुत्ता चप्पल मेला २०८१
Date : 2081/5/25 - 6/25
पत्रकार भेटघाट कार्यक्रम
HAPPY KITCHEN

'नेपाली उत्पादनको प्रवर्द्धन हाम्रो अभियान' भन्ने मुख्य नारासहित यही भदौ २५ देखि असोज २४ गतेसम्म बिर्तामोडस्थित सिटीसेन्टरमा मेला आयोजना गर्न लागिएको आइतवार बिर्तामोडमा पत्रकार सम्मेलन गरेर जानकारी गराइएको हो ।

सिटीसेन्टर बिर्तामोडको आयोजना तथा बिर्तामोड नेपाली जुत्ता घरको सह-आयोजनामा मेला आयोजना गर्न लागिएको आयोजक संस्थाका दिपेन्द्र राउतले जानकारी दिए । स्वदेशमा उत्पादित जुत्ता चप्पलहरु र स्वदेशी ब्राण्डलाई आम उपभोक्तामाझ पुऱ्याई स्वदेशी वस्तु नै प्रयोग गर्ने भावनाको विकास गराउनु महोत्सवको मुख्य उद्देश्य रहेको मेला आयोजक समितिका संयोजक होमनाथ उपाध्यायले बताए । संयोजक उपाध्यायका अनुसार महोत्सवमा २५ स्टल रहने छन् ।उनले महोत्सवमा नेपालमा स्थापित चर्चित जुत्ता चप्पल कम्पनी र ब्राण्डहरु बीएफ डियर हिल, फस्ट वाक सुज, रन सुज, स्मार्ट सुज, क्रस रोड सुज गरी ५ वटा कम्पनीका १० भन्दा बढी ब्राण्डका जुत्ता चप्पल उपलब्ध हुने बताए ।

मेलामा दशैं तिहार लक्षित नयाँ डिजाइनका स्पोर्टस् सुज, क्याजुअल सुज, पाटी सुज, स्कुल सुज, फुटबल, फुटसलका सुज र बालबालिकाका सुजहरु उपलब्ध हुने अर्का आयोजकका नानीराज घिमिरेले बताए

मेला अवधिभर न्यूनतम् १५ देखि ५० प्रतिशतसम्म छुटको व्यवस्था रहने संयोजक उपाध्यायले जानकारी दिए । उनका अनुसार हरेक दिन जुत्ता खरिदमा फेसबुक लाइक र शेयर गरेमा २ प्रतिशत क्यास ब्याक समेत दिइनेछ । त्यस्तै पर्वको अवसरमा लक्की ड्र कुपनसमेत उपलब्ध गराइने उनले बताए ।

विनोदी...

खण्डकाव्य, 'कैकेयी' (२०७४) महाकाव्य, 'आँखाका नानी' (२०५७) लगायतका सातवटा बालकविता, गीत र गजलसंग्रह, 'निर्मम निर्मम घडीहरू' (२०५६) गजलसंग्रह र 'सृष्टिमाथिका दृष्टि' (२०६६) समीक्षासंग्रह लगायतका भन्डै दुई दर्जन कृतिहरू प्रकाशन भइसकेका छन् । कविताको लघुतम रूप, लघु रूप, मध्यम रूप हुँदै बृहत् रूपसम्मका सिर्जनामा सफलतापूर्वक कलम चलाउँदै बहरबद्ध गजल र लयबद्ध बालकविताका साथै छन्दसिद्धान्तका विषयमा समेत विशिष्ट रचनाहरू प्रदान गरिसकेका विनोदीका छन्दकविताहरू कलासौन्दर्य र परिष्कृति शिल्पकारिताका दृष्टिले उच्चकोटिका मानिन्छन् ।

यसरी नै वि.सं. २०४३ भदौ १२ गते थाक्रे-८, धादिङमा जन्मिएर २०६० को दशकबाट सिर्जना यात्रामा सक्रिय रही हाल 'अनाममण्डली'जस्तो नेपाली गजलको उन्नयनमा सक्रिय संस्थाको अध्यक्षसमेत रहनुभएका रूपक अलङ्कार प्रखर युवाकवि, गजलकार, समीक्षक, अनुवादक र प्रशिक्षकका रूपमा समेत परिचित छन् । 'देशको पुर्पुरो' (२०६८) बहरबद्ध गजलसंग्रह, 'विश्रान्त' (२०७८) महाकाव्य र ' चाणक्यनीति दर्पण' (२०८१) अनुवाद जस्ता कृतिहरू र सयौँ फुटकर छन्दकविता तथा बहरबद्ध गजलका माध्यमबाट सशक्त सिर्जना क्षमता, युगीन यथार्थमूलक वैचारिक सम्प्रेषण, जीवन्त वाचन कला र विभिन्न प्रशिक्षणका माध्यमबाट नयाँ पुस्तालाई छन्दकविताप्रति आकर्षण प्रदान गर्ने कार्यमा अतुलनीय योगदान दिएबापत युवाकवि रूपक अलङ्कारलाई छन्दसाधना युवा प्रतिभा पुरस्कार प्रदान गरिने विज्ञप्तिमा उल्लेख छ ।

उक्त दुवै पुरस्कार आगामी असोज ११ गते एक विशेष कार्यक्रमको आयोजना गरी प्रदान गरिने छन्द-तरङ्गबाट प्रेषित विज्ञप्तिमा उल्लेख गरिएको छ । विगत छ वर्षअगाडि २०७५ भदौ २२ गतेबाट काठमाडौँको वानेश्वर थापागाउँमा रहेको लेखनकुञ्जमा हरेक महिनाको तेस्रो शुक्रवार फरक फरक पुस्ताका तीन जना कविका पाँच पाँचवटा कविता प्रस्तुत गर्ने गरी सञ्चालन हुँदै आएको नेपाली कविताको इतिहासमा नै ऐतिहासिक महत्व राख्ने सशुल्क छन्दकविता श्रवणको मासिक कार्यक्रम 'छन्द-तरङ्ग' १९ औँ शृङ्खलासम्म अनवरत रूपमा सञ्चालन भइरहेको छ ।

विश्वव्यापी महामारीका रूपमा फैलिएको कोराना भाइरस (कोभिड-१९) का कारण २०७६ चैत्र महिनादेखि स्थगित भए पनि पुरस्कारलाई भने निरन्तरता दिएको र उक्त 'विशिष्ट छन्दसाधना पुरस्कार'को रकम प्रमाणपत्रसहित रु. ४० हजार र 'छन्दसाधना युवा प्रतिभा पुरस्कार'को रकम प्रमाणपत्रसहित रु. २० हजार रहेको छन्द-तरङ्गका संयोजक प्रा.डा. रामप्रसाद ज्ञवालीले जानकारी दिए ।

बिर्तामोड नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा
कोशी प्रदेश, नेपाल

घर नक्सा पास गर्ने तथा पुरानो (बनेका) घर अभिलेखिकरण सम्बन्धी सूचना

प्रकाशित मिति : २०८१ भाद्र ०९ गते

प्रस्तुत बिषयमा मिति २०८१/०५/०२ मा बसेको कार्यपालिकाको बैठकको निर्णाय अनुसार बिर्तामोड नगरपालिका क्षेत्रभित्र निर्माण भइसकेका सरकारी,गैर सरकारी,संस्थागत तथा निजी भवनहरुको हकमा भवन दर्ता तथा अभिलेखिकरण गर्ने र नक्सापासको प्रकृयामा रहेता पनि म्याद सकिएर सम्पन्न प्रमाणपत्र नलिएको भवनहरुको हकमा एक वर्षको म्याद दिई एकपटकलाई शत प्रतिशत राजश्व लिई प्रमाण पत्र लिन तथा नगर विकास समितिबाट राजश्व तिरी नक्सापासको प्रकृयामा रहेको र सम्पन्न प्रमाण पत्र लिन बाकी रहेको भवनहरुको हकमा प्रमाण पत्र लिनको लागि मिति २०८१ माघ मसान्त सम्मको समय दिईएको सम्वन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तीलचन भण्डारी
उपसचिव

जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।

बिर्तामोड नगरपालिका
बिर्तामोड, झापा, कोशी प्रदेश

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

शिक्षालय रहर पूरा गर्न होइन

बिर्तामोडमा पब्लिक क्याम्पस खोल्ने होडवाजी चलेको कुरा स्वयं संचालकहरुले स्वीकारेका छन् । केही दिनअघि अनारमनी पब्लिक क्याम्पसको १७ औं साधारणसभा तथा चौथो अधिवेशनमा सहभागी सोही क्याम्पसका संचालकहरुले आफूहरुले होडवाजी गरेको कुरा स्वीकार गरे । एकपछि अर्को गर्दै बिर्तामोडमा तीनवटा पब्लिक क्याम्पस खोलिए । बिर्तामोडका आठवटा संस्थागत क्याम्पसहरुमा स्नातक तहको पढाई भइरहेकै थियो । विद्यार्थीहरु पढ्ने क्याम्पसको खाँचो थिएन । तर, केही राजनीतिक , केही सामाजिक व्यक्ति र केही शिक्षकहरुले मिलेर पब्लिक क्याम्पस खोल्ने रहर गरे । अहिले त्यो रहर सकिएर घाँडो बन्दै गएको छ । क्याम्पस चलाउन नगरपालिकादेखि प्रदेश र संघीय सरकारसम्म अनुदान सहयोग माग्न ती पब्लिक क्याम्पसका संचालकहरुबीच हानाथाप लागेको छ । कसले कति धेरै बजेट हत्याउने । अभिभावकहरुले कुरा उठाइसकेका छन् कि विद्यार्थीहरुबाट शुल्क उठाउने अनि नगरपालिका, प्रदेश सरकारबाट सहयोग माग्ने ? शुल्क लिएर पढाउने क्याम्पसलाई नगरपालिकाले किन सहयोग गर्ने ? त्यसो त पब्लिक क्याम्पस स्थानीय सरकारको क्षेत्राधिकारभित्र पर्दैन । तर पनि बिर्तामोड नगरपालिकाले सहयोग गर्दै आएको छ । स्थानीय तहको क्षेत्राधिकार माध्यमिक तहको शिक्षामा मात्र लगानी गर्ने रहेको छ। त्यहाँ चाहिँ पर्याप्त लगानी हुन नसकेको गुनासो छ । आफ्नो क्षेत्र अधिकारभन्दा बाहिर लगानी गर्नु एक प्रकारको भ्रष्टाचार नै हो ।

कक्षा १२ उत्तीर्ण गरेर विदेश जाने लहर चल्दा क्याम्पसहरुले स्नातक पढ्ने विद्यार्थी नपाइरहेका बेला बिर्तामोडमा पब्लिक क्याम्पस खोल्ने होडवाजी गर्नु विडम्बना हो । बिर्तामोडका आठ वटा संस्थागत क्याम्पसहरुमा स्नातक तहको पढाई भइरहँदा व्यवस्थापन विषयकै पठनपाठनका लागि बिर्तामोडमा तीनवटा पब्लिक क्याम्पस खोलेर रहर पूरा गर्न खोज्दा अहिले विद्यार्थी नपाएर ती क्याम्पसहरुको बेहाल भएको छ । क्याम्पस भनेको राजनीति गर्न , रहर पूरा गर्न र जागिर खुवाउनका लागि हुँदै होइन । क्याम्पस कसले खोलेको भन्दा कसको लागि किन खोलेको कुरा महत्वपूर्ण हो । यसको आवश्यकता र उपयोगिता हेरिनु पर्छ । चल्ने हो कि नचल्ने हो भनेर संभाव्यता अध्ययन नै नगरी खोलिएका क्याम्पसहरुलाई बन्द गरिनुभन्दा मर्ज गरिनु नै उत्तम उपाय हो ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस

प्राथमिकताले गाँजेको समाज

• उमेश रेग्मी

नेपालीमा प्राथमिकता अनि अंग्रेजीमा ‘ प्रायोरिटी’ । प्राथमिकता भन्नेबित्तिकै सबैले जान्नैपर्ने, सिक्नैपर्ने, सुन्नैपर्ने, गर्नैपर्ने, बुझ्नैपर्ने कुराको लस्करमा पहिलो स्थान प्राप्त गर्नेलाई सम्झनु पर्छ । पहिलोबाट दोस्रोमा पुग्नेवित्तिकै त्यो प्राथमिकतामा पर्दैन । कसैले तपाईंलाई ‘ एकछिन कुर्नुस्’ भन्छ भने तपाई प्राथमिकता होइन । त्यहाँ तपाईभन्दा महत्वपूर्ण अरू नै छन् । चित्त नदुखाउनु होला । हेर्नुस् मैले पनि चित्त दुखाएको छैन, मलाई थाहा छ मेरो यो लेख पनि धेरैको प्राथमिकतामा परेको छैन । प्राथमिकतामा पर्न त धेरै मेहनत गर्नु पर्छ । हुन त आजभोलि प्राथमिकता पाउने विभिन्न उपायको विकास भइसकेको छ । डिजिटल टेक्नोलोजीदेखि, फिजिकल हेलोप्याथी र द्रव्योलोजी सबै यस्तैमध्येका केही उपाय हुन् ।

डिजिटल टेक्नोलोजी अन्तर्गत प्राथमिकता पाउन तपाईंले कम्तीमा पनि मन्त्री स्तरको नेतालाई चिनेको हुनु पर्छ । आफ्नो काम फत्ते पार्न मन्त्रीको फोनले तपाईलाई प्राथमिकतामा पार्छ । यस्तो गजबको फोन सञ्चार नै डिजिटल टेक्नोलोजी हो । फिजिकल हेलोप्याथीमा तपाईंको सामना तिनै मन्त्री अनि नेताका झोले ‘डन’ सित हुन जान्छ । अब उनीहरूका अगाडि कसको के ताकत, त्यसैले उनीहरू सधैँ प्राथमिकतामा । अर्को उपाय गोल्डेन द्रव्योलोजी सबैभन्दा प्रभावकारी उपाय हो प्राथमिकतामा पर्ने । एयरपोर्टमा पाइने सुनको सिक्का होस् या खल्तीमा भरिएको नोटका बिटा होस्, यसको प्रयोग गर्नु, उच्चतम प्राथमिकता पाउनु हो । माथि वर्णन गरिएका बाहेक अरू कुनै उपाय छन् भने मलाई बताउनु होला म अर्को लेखमा समावेश गर्ने प्रयास गर्ने छु । विश्वास गर्नुहोस् तपाईं अवश्य पनि मेरो प्राथमिकतामा पर्नु हुने छ ।

समय र स्थान अनुसार प्राथमिकता पनि विभिन्न प्रकारको हुने रहेछन् । मेरो बुझाइमा तीन प्रकारका प्राथमिकता परेका छन्- व्यक्तिगत प्राथमिकता, दलीय प्राथमिकता र राष्ट्रिय प्राथमिकता ।

व्यक्तिगत प्राथमिकता : यो तपाईं र मेरो प्राथमिकता हो । यहाँ तपाईं र मेरा व्यथा छन्, कथा छन्, गुनासा छन् । मित्रको प्राथमिकता सूचीमा नपरेको म कहाँनेर, कता र कहिले आफू प्राथमिकतामा परिन्छ भनेर भड्किएका अवस्था छन् । बिहान उठ्न साथ चियाको कपलाई प्राथमिकतामा पार्दै अफिस पुग्दा हाकिमको हुकुमलाई प्राथमिकता दिनु तपाई र मेरो दैनिकी हो । दिनभरिको व्यस्ततामा जुनबेला, जस्तोबेला अनि जहाँ कहिँ पनि श्रीमतीजीको आदेश पालना गर्नु प्राथमिकता माथिको अर्को प्राथमिकता हो । यस्ता प्राथमिकताबाट भलिभाँती परिचित तपाईं र म हरेक दिन आ-आफ्नै प्राथमिकतामा अल्झिरहेका हुन्छौं । कहिले छोराछोरीलाई स्कुल पुऱ्याउने प्राथमिकता त कहिले श्रीमतीलाई बजार डुलाउने प्राथमिकता ।

दलीय प्राथमिकता : नेता चयन को विषयदेखि लिएर सत्ता साझेदारीमा कुन दलसँग सम्झौता गर्ने दलिय प्राथमिकताका कुरा हुन् । आफूले खोजेको कुर्सी नपाए सडकमा उत्रेर नाराबाजी गर्दै हिँड्नु पनि दलीय प्राथमिकता भित्रै पर्छ । विपक्षी दलको प्रगतिमा सधैँ विरोधको आवाज उठाउनु पनि दलीय प्राथमिकता हो । दलभित्र प्राथमिकतामा परेका नेताहरूले दलको रूपरेखा नै परिवर्तन गरेको हामीले देख्दै सुन्दै आइरहेको हो । यस अर्थमा भन्नु पर्दा दलीय प्राथमिकता व्यक्तिगत प्राथमिकताबाट मुक्त छैन ।

राष्ट्रिय प्राथमिकता : राष्ट्रको हक हेतु आइपर्ने सम्पूर्ण कुरा नै राष्ट्रिय प्राथमिकता हो । दलीय प्राथमिकताले राष्ट्रिय प्राथमिकतालाई सधैँ प्रभाव पारिरहेको हुने सर्वविदितै हो । यसरी हेर्दा सिङ्गो राष्ट्रको प्राथमिकतामा व्यक्तिगत प्राथमिकता गासिन पुग्छ । यसका उदाहरण विगतमा पनि प्रशस्तै भेटिएका थिए र अहिले पनि दिनहुँ भेटिन्छन् ।

प्राथमिकताका सबै प्रकार थाहा पाइसकेपछि मजस्तै तपाईं पनि विश्वस्त हुनु भयो होला, यो संसार आखिर व्यक्तिगत स्वार्थ सिद्ध गर्न दौड लगाइरहेको छ । व्यक्तिकै प्राथमिकता महत्वपूर्ण छन् । दल, वर्ग, समाज अनि राष्ट्रको कसलाई परवाह । सबै आआफ्नै दुनो सोझ्याउन तल्लीन छन् । अफिसभित्र ओहोदा अनुसारको प्राथमिकता, अफिसबाट निस्कनेबित्तिकै घरको आवश्यकता प्राथमिकतामा पर्ने म जताततै प्राथमिकताको लस्कर देख्छु । कतै पिछडिएका वर्गलाई प्राथमिकता त कतै धनी वर्गलाई । कतै जातीय प्राथमिकता देखिन्छ भने कतै प्रान्तीय । कतै सुकुमवासीलाई प्राथमिकतामा राखिन्छ त कतै हुकुमवासीलाई । अझ यी सबैभन्दा ठुलो महिला प्राथमिकता । बसमा बस्ने सिटदेखि लिएर सरकार बनाउने रित पुऱ्याउनसम्म महिला प्राथमिकता महत्वपूर्ण हुने गर्छन् । यी सबै प्राथमिकतामा म कतै पनि पर्दिन अनि उही दुःखेसो दोहोरिन्छ- प्राथमिकता विहीन ।

बाटोमा हिँड्दा मन्त्री, नेताहरूको मोटरलाई प्राथमिकता, सर्वसाधारणलाई भलै घन्टौ ट्राफिक जाममा किन अड्किन नपरोस् । अस्पतालमा पहुँचवालालाई प्राथमिकता, भलै सर्वसाधारणले अकालमै ज्यान किन गुमाउन नपरोस् । भगवान्को मन्दिरमा समेत द्रव्योलोजीलाई प्राथमिकता भलै सर्वसाधारणले घण्टौँ लाइनमा बस्न किन नपरोस् । जागिर खानलाई पनि पहुँचवालालाई प्राथमिकता, भलै सर्वसाधारणका सन्तान रित्तिएर खाडीतिर लागून् । अफिसतिर प्रमोसन पाउने पनि तिनै प्राथमिकताका उपाय अपनाउने, भलै सर्वसाधारणले एउटै पदमा अवकाश लिन किन नपरोस् । समय, स्थान र अवस्था अनेक तर प्राथमिकताका उपाय सधैँ उही डिजिटल टेक्नोलोजी, फिजिकल हेलोप्याथी अनि गोल्डेन द्रव्योजोली । कहिलेकाहीँ म आफैँलाई गाली गर्न पुग्छु, यत्रा विधि उपाय हुँदाहुँदै पनि कुनैलाई प्रयोग गर्ने सामर्थ्य नहुँदा । मेरो जस्तो अवस्था तपाईहरूको पक्कै छैन होला ।

अब एकै छिन अन्तर्राष्ट्रिय स्तरका प्राथमिकताका कुरा गरौँ । उपाय यहाँ पनि तिनै लागु हुन्छन् । फरक केवल त्यसको संख्यामा हुँदो रहेछ । व्यक्तिगतदेखि राष्ट्रिय तहसम्म पुग्दा तुलनात्मक रूपमा थोरै संख्यामा प्रयोग भएका कुरा अन्तर्राष्ट्रिय स्तरमा पुग्दा ठुलो संख्यामा परिणत हुन पुग्छन् । अनि त्यही अनुसारको प्राथमिकता हुन्छ । युरोपेली समुदायले व्यापार गर्न अमेरिका र अन्य विकसित देशलाई नै प्राथमिकतामा राख्छ । नासालाई अफ्रिकाको भोकमरीको के वास्ता उसका लागि त अर्बौं खर्चेर अन्तरिक्षमा यान पठाउनु नै प्राथमिकता हो । पाकिस्तान र भारतको एजेन्डामा कश्मिर सधैँ प्राथमिकतामा पर्छ भने इजरायललाई प्यालेस्टाइन प्राथमिकता भइदिन पुग्छ ।

इतिहासका पाना पल्टाएर हेर्ने हो भने हाम्रो देशमा पनि थुप्रै प्राथमिकताका उदाहरण भेटिन्छन् । जङ्गबहादुरले गद्दीलाई प्राथमिकतामा राख्दा कोत पर्व हुन पुग्यो । गणतन्त्र नै हाम्रो प्राथमिकता भनेर दौड्दा १७ हजारको नम्बर गन्नु पर्ने बाध्यता आइलाग्यो । नारायणहिटीको दुर्दशा पनि प्राथमिकताकै परिणाम हो । भूकम्पले चिरा परेका सम्पदा बन्न नसक्नु आफ्नो खल्ती प्राथमिकतामा परिदिनाले हो भन्ने कुरा सर्वविदितै छ ।

शैक्षिक विकासको मूल प्रवाह

• धनसूदन चौलागाईं



शिक्षाले व्यक्तिमा अन्तरनिहित प्रतिभा र सम्भावनाको पहिचान एवं प्रस्फुटन गरी सर्वाङ्गीण विकास गर्छ । शिक्षाले नै व्यक्तिगत, सामाजिक र राष्ट्रिय जीवनका लागि दक्ष, सिपयुक्त र असल नागरिकका रूपमा व्यक्तिलाई तयार गर्छ । आधुनिक समाजमा शिक्षालाई नागरिकको आधार भूत आवश्यकताअन्तर्गत राख्ने गरिन्छ र नागरिकको मौलिक हक एवं राज्यको दायित्वका रूपमा लिइएको छ । राज्यबाट सबै नागरिकलाई शिक्षा पाउने व्यवस्था गरिएको हुन्छ । शिक्षा प्राप्तिका लागि शारीरिक एवं बौद्धिक, आर्थिक, सामाजिक र सांस्कृतिक तथा भाषिक रूपमा फरक पृष्ठभूमि, क्षमता र विशेषताका बालबालिका विद्यालयमा आएका हुन्छन् । बालबालिकाका यी फरकपन र विशिष्टता नै विविधता हुन् । बालबालिकाका यी विविधताको समुचित पहिचान र सम्मान गर्दै उनीहरूको सिकाइको लागि बालमैत्रीपूर्ण सिकाइ वातावरणको सिर्जना गर्नु नै शिक्षामा विविधता व्यवस्थापन हो ।

प्रारम्भिक कक्षामा मातृभाषामै सिक्ने अवसर सुनिश्चित गर्न पाठ्यक्रम विकास केन्द्रबाट २८ वटा मातृभाषामा पाठ्यपुस्तक विकास गरिएको छ । दृष्टिविहीन बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्न ब्रेललिपिका पाठ्यपुस्तक विकास गरिएको छ । बहिरा बालबालिकाका लागि साङ्केतिक भाषामा पठनपाठनको व्यवस्था गरिएको छ । शिक्षकलाई ब्रेल लिपि र साङ्केतिक भाषामा शिक्षणसम्बन्धी तालिमको व्यवस्था गरिएको छ । अपाङ्गताको प्रकृति र संख्याका आधारमा अपाङ्गता भएका बालबालिकालाई अध्ययन गर्न विशेष विद्यालय, एकीकृत विद्यालय र स्रोत कक्षाको व्यवस्था गरिएको छ ।

दैनिक घरबाट आवतजावत गर्न भौगोलिक दुरी र अपाङ्गताको गम्भीरताको कारणले विद्यालयले व्यवस्था गरेको आवासमा बसी पढ्नुपर्ने अपाङ्गता भएका बालबालिकाका लागि आवासीय छात्रवृत्ति र घरबाटै विद्यालय गएर

पढ्न सक्नेका लागि विभिन्न गैरआवासीय छात्रवृत्तिको व्यवस्था गरिएको छ । भौगोलिक कठिनाइले विद्यालय आउन नसक्ने बालबालिकाका लागि आवासीय विद्यालय र छात्राका लागि फिडर छात्रावासको व्यवस्था छ ।

आर्थिक र सामाजिक रूपले पछाडि परेका समुदायका बालबालिकालाई विद्यालयमा ल्याउन र टिकाइराख्न विभिन्न किसिमका छात्रवृत्तिको व्यवस्था गरिएको छ । विद्यालय शिक्षाको पाठ्यक्रम, पाठ्यवस्तु, पाठ्यपुस्तक र शैक्षिक सामग्रीको छनोट गर्दा तथा शिक्षकलाई दिइने तालिमको विषयवस्तु, कक्षा व्यवस्थापन र शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा विविधताको सम्बोधन गर्नुपर्ने कुरा समेटिने गरेको छ । विद्यालयमा छात्राका लागि अलग्गै शौचालय तथा महिनावारी हुने उमेरका बालिकाका लागि स्यानिटरी प्याड र त्यसको विसर्जनको व्यवस्था गरिएको छ । विद्यालय शिक्षाको आधारभूत तहसम्म स्थानीय भाषा, संस्कृति र सम्पदा, पेसा, व्यवसाय, कला, सङ्गीत, ज्ञान र सिपलाई पठनपाठनको विषय बनाउने गरी स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन हुँदै आएको छ ।

शिक्षण पेसालाई समावेशी बनाउन शिक्षक सेवा आयोगबाट शिक्षक छनोटका लागि हुने विज्ञापनमा महिला, आदिवासी, जनजाति, मधेशी, दलित, अपाङ्गता भएका र पिछडिएको क्षेत्रका बासिन्दाका लागि निश्चित स्थान आरक्षण गर्ने कानुनी व्यवस्था छ । यसबाट शिक्षण पेसामा सामाजिक विविधताको प्रतिनिधित्व बढ्दै गएको छ । महिला शिक्षकको अनुपातमा वृद्धि हुँदै गएको छ । विद्यालय व्यवस्थापनमा पनि विविधताको सम्बोधन हुने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको छ । विद्यालयमा गुनासो सुनुवाइको व्यवस्थाले विद्यार्थीप्रति हुने दुर्व्यवहार, भेदभाव र हेपाइमा कमी आई प्रत्येक विद्यार्थीलाई आत्मसम्मान साथ पढ्न पाउने वातावरण तयार गर्न मद्दत पुगेको छ । शिक्षामा विविधतालाई सम्बोधन गर्न उल्लिखित प्रयत्न भए पनि ती पर्याप्त हुन सकेका छैनन् । जस्तो कि दृष्टिविहीन र बहिरा बालबालिकालाई ब्रेललिपि र साङ्केतिक भाषामा अध्यापन गराउन सक्ने शिक्षक पर्याप्त मात्रामा तयार गर्न सकिएको छैन । यस्ता बालबालिकालाई शिक्षण गर्ने शिक्षकलाई थप प्रोत्साहनको व्यवस्था हुन नसक्दा शिक्षकलाई उत्प्रेरित गर्न सकिएको छैन । सबै बालबालिकाले यस्तो माध्यमबाट शिक्षा लिने अवसर प्राप्त गर्न सकेका छैनन् । पाठ्यक्रम र पाठ्यसामग्री तथा शैक्षिक सामग्री आवश्यक मात्रामा अनुकूलन गर्न सकिएको छैन । प्रारम्भिक बालविकास तथा शिक्षामा दृष्टिविहीन, बहिरा एवं श्रवणदृष्टिविहीनता, अटिजम र बहुअपाङ्गता भएका बालबालिकाको सिकाइ र विकासका लागि शिक्षक तालिम, पाठ्यक्रम अनुकूलन र सिकाइ सामग्रीको विकासमा ठोस प्रयास हुन सकेको छैन । अपाङ्गता भएका बालबालिकालाई अध्यापन गराउन नवीनतम प्रविधिको उपलब्धता र प्रयोग पनि भएको पाइँदैन । विद्यालय तहमा दिइने छात्रवृत्तिको रकम अत्यन्तै न्यून छ ।

समयमै बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचान र सबै विद्यालयमा अपाङ्गतामैत्री पूर्वाधारको व्यवस्था हुन सकेको छैन । विलक्षण प्रतिभा भएका विद्यार्थीको यथोचित पहिचान र सोअनुरूप विकासको अवसर दिन सकिएको छैन । सबै विद्यालयमा कक्षा व्यवस्थापन, शिक्षण विधि र सामग्रीको छनोट र शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीका व्यक्तिगत भिन्नतामा पर्याप्त ध्यान दिन सकेको पाइँदैन । सबै मातृभाषामा पाठ्यपुस्तक एवं पाठ्यसामग्री विकास हुन सकेको छैन । स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन प्रारम्भिक चरणमै छ । विद्यार्थीको विविधताको पहिचान र सम्बोधनबारे सबै शिक्षकलाई पर्याप्त मात्रामा तालिम दिन सकिएको छैन । निजी लगानीका विद्यालयबाट निश्चित संख्यामा विद्यार्थीलाई दिनुपर्ने निःशुल्क शिक्षासम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन र अनुगमन हुन सकेको छैन । यी पक्षको यथोचित सम्बोधन नहुँदासम्म शिक्षासम्बन्धी मौलिक हकको पूर्ण कार्यान्वयन सम्भव देखिँदैन ।

विद्यार्थी र शिक्षा प्रणालीका अन्य पक्षसमेतको विविधताको समुचित रूपमा पहिचान र सम्बोधन गरेर मात्र विद्यालय उमेरका सबै बालबालिकालाई गुणस्तरीय शिक्षामा समतामूलक पहुँच सुनिश्चित गरी शिक्षासम्बन्धी मौलिक हकको सारभूत रूपमा कार्यान्वयन गर्दै विकास र समृद्धिको राष्ट्रिय सङ्कल्प पूरा गर्न सकिन्छ । यसका लागि, पहिलो, यससम्बन्धी नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नु पर्छ । दोस्रो, सबै विद्यालयमा अपाङ्गतामैत्री पूर्वाधारको निर्माण गर्नु पर्छ । तेस्रो, दृष्टिविहीन र बहिरा बालबालिकाका लागि आवश्यक मात्रामा स्रोत कक्षाको व्यवस्था तथा अटिजम र बहुअपाङ्गता भएका बालबालिकाको सिकाइ आवश्यकता पूरा हुने गरी पाठ्यक्रम र पाठ्यसामग्रीको विकास तथा अनुकूलन गर्नु पर्छ । साथै अपाङ्गता भएका बालबालिकालाई अध्यापन गराउन नवीनतम प्रविधिको प्रयोग गर्नु पर्छ । चौथो, ब्रेललिपि र सांकेतिक भाषामा अध्यापन गराउने शिक्षक पर्याप्त संख्यामा तयारी गर्न आवश्यक तालिम र उत्प्रेरणात्मक व्यवस्था गर्नु पर्छ ।

पाँचौँ, शिशु विकास र प्रारम्भिक बालविकास तथा शिक्षादेखि नै बालबालिकाको विविधताको पहिचान र सम्बोधन गर्ने गर्नु पर्छ । छैटौँ, निजी लगानीका विद्यालयले तोकिएको संख्यामा निःशुल्क शिक्षा दिनुपर्ने व्यवस्था कार्यान्वयन गरे नगरेको प्रभावकारी अनुगमन गर्नु पर्छ । सातौँ, स्थानीय पाठ्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउनु पर्छ । आठौँ, विद्यार्थीका विविधतालाई केन्द्रमा राखेर कक्षा कोठा व्यवस्थापन, शिक्षण विधिको प्रयोग तथा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्छ र नवौँ, हाल दिइँदै आएको गैरआवासीय छात्रवृत्तिको रकममा सामयिक वृद्धि गरी आर्थिक रूपले विपन्न परिवारका बालबालिकालाई शैक्षिक विकासमा मूल प्रवाहीकरण गर्नु पर्छ ।

अन्त्यमा विविधताको समुचित पहिचान र सम्बोधन गरी बालमैत्रीपूर्ण र गुणस्तरीय शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्दै शैक्षिक विकासको मूल प्रवाहमा समाहित गर्नु आजको आवश्यकता हो ।

विनोदी र अलङ्कारलाई छन्द-साधना पुरस्कार

झापा(प्रस) । नेपाली छन्दकवितामा स्तरीकरण तथा मानकीकरण अभियानको घोषणासहित अघि बढेका कविद्वय प्रा.डा. रामप्रसाद ज्ञवाली र प्रा.डा. देवी नेपालबाट सञ्चालित 'छन्द-तरङ्ग'ले यस वर्षको 'छन्दसाधना पुरस्कार'को प्रतिभा घोषणा गरेको छ ।

आइतबार एक विज्ञप्ति प्रकाशित गर्दै अभियन्ताद्वयले 'छन्दसाधना पुरस्कार' पाउने प्रतिभा घोषणा गरेका हुन् ।

२०७६ सालदेखि हरेक वर्ष छन्दकविताका एक जना विशिष्ट साधकलाई प्रदान गर्रिंदै आएको 'विशिष्ट छन्दसाधना पुरस्कार' र २०७९ सालदेखि चालिस वर्षभित्रका एक जना युवाकविलाई प्रदान गर्रिंदै आएको 'छन्दसाधना युवा प्रतिभा पुरस्कार'को घोषणा गरिएको 'छन्द-तरङ्ग' का प्रा.डा. देवी नेपालले बताए । नेपाली छन्दकविता साधनामा सक्रिय दुई पुस्ताका छन्दसाधकहरूलाई जोड्ने र नयाँ पुस्तालाई छन्दकविता सिर्जनाका लागि उत्प्रेरित गर्ने उद्देश्यले ज्येष्ठ पुस्ता र युवा पुस्तालाई एकै ठाउँमा राखेर सम्मान गर्ने अभियान संचालन भइरहेको छ ।

यो अभियानअन्तर्गत २०८१ सालको 'विशिष्ट छन्दसाधना पुरस्कार' वरिष्ठ कवि गोविन्दराज विनोदी (नवलपरासी) र 'छन्दसाधना युवा प्रतिभा पुरस्कार' प्रखर युवाकवि रूपक अलङ्कार (धादिङ) लाई प्रदान गरिने विज्ञप्तिमा उल्लेख छ । उक्त विशिष्ट छन्दसाधना पुरस्कारबाट यसअघि छन्दसाधकहरू रमेश खकुरेल, चन्द्रप्रसाद न्यौपाने, प्रा. घनश्याम कँडेल, रामचन्द्र भट्टराई र भुवनहरि सिग्देल पुरस्कृत भइसकेका छन् । यस्तै छन्दसाधना युवा प्रतिभा पुरस्कारबाट युवाकवि सुदेश सत्याल र कविराज पौडेल पुरस्कृत भइसकेका छन् ।

नेपाली कविताको इतिहासमा विगत लामो समयदेखि शास्त्रीय छन्दको विकास, विस्तार, परिष्कार तथा मानकीकरणका लागि अहोरात्र समर्पित भई नेपाली छन्दकविताको उन्नयनमा अतुलनीय योगदान दिएबापत वरिष्ठ कवि विनोदीलाई विशिष्ट छन्दसाधना पुरस्कार प्रदान गरिएको प्रा.डा. नेपालले जानकारी दिए ।

वि.सं. २०१० साउन २८ गते रूपाकोट, कास्कीमा जन्मिएर विगत पाँच दशकभन्दा लामो समयबाट अत्यन्त सक्रियताका साथ कविता-काव्यको सिर्जनामा लागेका विनोदीका 'मेरो वर्तमानता' (२०४७) लगायतका चारवटा कवितासंग्रह, 'छन्दविनोद' (२०५९) लगायतका पाँचवटा

❖ बाँकी अन्तिम पृष्ठमा

ओखलढुङ्गामा ५४ जनामा डेंगु संक्रमण पुष्टि



झापा(प्रस) ।ओखलढुङ्गामा डेंगु संक्रमण दर बढिरहेको छ । जिल्लामा हालसम्म ५४ जनामा डेंगु संक्रमण पुष्टि भएको छ ।

जिल्ला स्वास्थ्य कार्यालय रुम्जाटार ओखलढुङ्गाका सूचना अधिकारी विनोद पोखेलका अनुसार २६ पुरुष र २८ महिला गरी ५४ जनामा डेंगु संक्रमण पुष्टि भएको हो ।

संक्रमण पुष्टि भएका सबै जनाको स्वास्थ्य अवस्था सामान्य रहेको जानकारी सूचना अधिकारी पोखेलले दिए ।

संक्रमण रोकथामका लागि मानेभन्ज्याङ गाउँपालिको विभिन्न क्षेत्रमा लार्भा नष्ट र विषादी छर्किन अभियान सञ्चालन गरिएको थियो । ओखलढुङ्गा सामुदायिक अस्पतालमा डेंगु परीक्षण र उपचार भइरहेको छ ।

डेंगु संक्रमणबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नेबारे सतर्कता अपनाउन स्वास्थ्य कार्यालयले नागरिकलाई आग्रह गरेको छ ।

लामखुट्टेको टोकाइबाट बच्न घर, कार्यालय वरिपरि पानी जम्ने खाल्डाखुल्डी पुर्न र पूरा बाहुला भएको कपडा लगाउन आग्रह गरिएको छ । डेंगु लागेको शङ्का लागेमा वा अत्याधिक टाउको दुख्ने, ज्वरो आउने, जोर्नी दुख्ने लगायतका स्वास्थ्य समस्या भएमा तत्काल परीक्षण गराएर उपचार गराउन स्वास्थ्य कार्यालयले आग्रह गरेको छ ।

उनन्साठी प्रतिशत वैदेशिक लगानी औद्योगिक क्षेत्रमा

झापा(प्रस) । देशमा भित्रिने प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) मध्ये आधाभन्दा धेरै लगानी औद्योगिक क्षेत्रमा रहेको देखिएको छ ।

नेपाल राष्ट्र बैङ्कले गरेको प्रत्यक्ष वैदेशिक लगानीसम्बन्धी सर्वेक्षण प्रतिवेदन २०७९/८० अनुसार नेपालमा रहेको प्रत्यक्ष वैदेशिक लगानीमध्ये ५९.७ प्रतिशत औद्योगिक क्षेत्रमा र ४०.२ प्रतिशत सेवा क्षेत्रमा रहेको देखिएको हो ।

औद्योगिक क्षेत्रअन्तर्गत जलविद्युत् क्षेत्रमा ३० प्रतिशत र उत्पादन क्षेत्रमा २९.४ प्रतिशत वैदेशिक लगानी रहेको तथ्याङ्कले देखाएको छ । मुलुकमा भित्रिने कुल प्रत्यक्ष वैदेशिक लगानीमध्ये २६ प्रतिशत सेवा क्षेत्रअन्तर्गत बैङ्क तथा वित्तीय संस्था र बिमा कम्पनीमा रहेको तथ्याङ्क छ ।

प्रदेशगत आधारमा नेपालमा रहेका प्रत्यक्ष लगानीमध्ये सबैभन्दा बढी बागमती प्रदेशमा ५९.७ प्रतिशत रहेको देखिन्छ । यस्तै गण्डकी प्रदेशमा १५.१ प्रतिशत, कोशी प्रदेशमा १४.७ प्रतिशत, मधेश प्रदेशमा ८.८ प्रतिशत रहेको छ । सबैभन्दा कम लुम्बिनी, कर्णाली तथा सुदूरपश्चिममा प्रदेशमा प्रत्यक्ष वैदेशिक लगानी एक प्रतिशतभन्दा कम रहेको देखिन्छ ।

प्रत्यक्ष वैदेशिक लगानीसम्बन्धी आवश्यक तथ्याङ्क सङ्कलन गरी लगानीको क्षेत्रगत अवस्था एवं प्रवृत्ति विश्लेषणका आधारमा आवश्यक नीति निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यले राष्ट्र बैङ्कको आर्थिक अनुसन्धान विभागले प्रत्यक्ष वैदेशिक लगानीसम्बन्धी प्रत्येक आर्थिक वर्षमा स्थलगत सर्वेक्षण सम्पन्न गरी प्रतिवेदन प्रकाशन गर्दै आएको छ । आव २०७९/८० मा नेपालमा प्रत्यक्ष वैदेशिक लगानीमा सञ्चालित कम्पनीमध्ये कुल २३८ वटा कम्पनीको नमुना छनोट गरी सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा अन्य विवरणको विश्लेषणका आधारमा ' प्रत्यक्ष वैदेशिक लगानीसम्बन्धी सर्वेक्षण प्रतिवेदन, २०७९/८०' तयार पारिएको हो ।

नेपालमा आव २०७९/८० को अन्त्यसम्ममा कुल प्रत्यक्ष वैदेशिक लगानीको मौज्दात ११.८ प्रतिशतले वृद्धि भई दुई खर्ब ९५ अर्ब ५० करोड कायम रहेको छ । कुल वैदेशिक लगानीमध्ये चुक्ता पुँजीको अंश ५२.८ प्रतिशत, सञ्चिति ३३.७ प्रतिशत र कर्जाको अंश १३.५ प्रतिशत रहेको छ ।

राष्ट्र बैङ्कको तथ्याङ्क अनुसार २०८० असार मसान्तसम्ममा नेपालमा ५८ वटा देशको प्रत्यक्ष वैदेशिक लगानी रहेको छ । जसमध्ये भारतबाट सबैभन्दा बढी एक खर्ब तीन अर्ब ४५ करोड रुपियाँ भित्रिएको छ । जुन ३५ प्रतिशत हो । चीनबाट ३५ अर्ब ४६ करोड (१२ प्रतिशत), आयरल्यान्डबाट २२ अर्ब ६२ करोड (७.७ प्रतिशत), अस्ट्रेलियाबाट १९ अर्ब छ करोड (६.४ प्रतिशत) र सिङ्गापुरबाट १८ अर्ब ८१ करोड (६.४ प्रतिशत) प्रत्यक्ष वैदेशिक लगानी रहेको देखिन्छ ।

यसैबीच आव २०८०/८१ मा ६१ अर्ब ९० करोड रुपियाँ वैदेशिक लगानी प्रतिबद्धता आएकामा आठ अर्ब ४० करोड रुपियाँ भित्रिएको नेपाल राष्ट्र बैङ्कले जनाएको छ । आव २०७९/८० मा ३८ अर्ब प्रत्यक्ष वैदेशिक लगानी प्रतिबद्धता आएकोमा छ अर्ब १७ करोड रुपियाँ भित्रिएको थियो ।

कार्कीले भने, 'अनसन बस्ने कुराबाट पछि हटेको छैन'

झापा(प्रस) । आफूले उठाउँदै आएको मागबारे सरकारले बेवास्ता गरिरहेको भन्दै निवर्तमान मुख्यमन्त्री केदार कार्कीले अनसन बस्ने आफ्नो पुरानै अडान दोहोऱ्याएका छन् ।

सामाजिक सञ्जाल फेसबुकमा आइतबार बिहान स्टाटस लेख्दै उनले १० वर्ष मुनिका प्रदेशको बालबालिकाको प्रदेशमा निःशुल्क उपचार, महिला स्वास्थ्य स्वयम्सेवीहरूलाई प्रोत्साहन भत्ता, प्रदेशमा सञ्चालन भएको शैलजा आचार्य मुटु रोग उपचार केन्द्र सञ्चालन, सुनसरी र मोरङको ४ वटा पालिकालाई बाढी र डुबानबाट बचाउन केसलिया कोरिडोर निर्माण हुनुपर्ने अडान पुनः राखेका हुन् ।

'जनजीविका र जानता केन्द्रित कार्यक्रमलाई सरकार र सम्बन्धित पक्षबाट बेवास्ता गर्ने कार्य गरिरहेका छन् । म मेरो अडानमा प्रतिबद्ध छु । मैले संसदमा अनसन बस्छु भनेको कुराबाट पछि हटेको छुइनँ र हट्दिनँ पनि, कार्कीले भनेका छन्, ' जनताको मतको ऋण तिर्न म मृत्युमा जान पनि तयार छु । र कात्रो लिएर बस्छु। बस आज आधिकारिक रूपमा नसुन्ने मुख्यमन्त्रीलाई स्मरण पत्र पठाउँदै छु।' कार्कीले यसअघि संसदमा बोल्दै अनसनको घोषणा गरेका थिए ।

गर्भवती बनाएपछि कुटेर गर्भपतन



झापा(प्रस) । सुनसरीको भोक्राहा नरसिंह गाउँपालिकाकी एक २३ वर्षीया युवतीले आफूलाई विवाहको प्रलोभनमा पारी पटक पटक बलात्कार गरेको र त्यसपछि गर्भवती भएकोमा केटा पक्षकाले कुटेर गर्भपतन गराएको दाबी गरेकी छन् ।

पीडित युवतीले पत्रकार सम्मेलन गरी जिल्ला सदरमुकाम इनरुवा-३ का हसबुल मियाँका २४ वर्षीय छोरा इमारान मियाँले आफूलाई करिब दुई वर्षदेखि फोन कुराकानीमा अविवाहित रहेको र विवाह तिमीसँगै गर्ने भनी एक वर्षअघिदेखि पटक पटक शारीरिक सम्बन्ध राखेर बोकाएको गर्भ पतन गराएको गुनासो गरेकी हुन् ।

आफ्नो इच्छाविपरीत सुरुमा बलात्कार गरेको, पछि विवाह गर्ने प्रलोभनमा पारेको र २०८० मङ्सिर/पुस महिनामा आफू गर्भवती भएकोमा केटा पक्षका परिवारले तीन महिनाभित्रै कुटेर गर्भपतन गराएको दाबी उनको छ ।

शारीरिक सम्बन्धपछि गर्भ बसेको थाहा पाएपछि केटाले औषधि खाएर गर्भ तुहाउन दबाब दिएको र नमानेपछि बच्चा राख्ने र परिवारसँग मिलेर बस्ने भनी झुटो आश्वासन दिएर इमरानले २०८० फागुन २६ गते आफ्नो इनरुवाको घरमा बोलाएकोमा केटासहित उनका बुवा हसुबल मियाँ, आमा आस्मासहित थप परिवारका सदस्यले कुटेर गर्भपतन गराएको दाबी युवतीको छ । पीडितले प्रमाणसहित गाउँमा पञ्चायती बस्दा र छलफल गर्दा भोक्राहा नरसिंह गाउँपालिका-५ का वडा अध्यक्ष हबिब मन्सुरीदेखि प्रदेश सभा सदस्य हाजी इसराइल मन्सुर ीसम्मको उपस्थितिमा जातीय संस्कार अनुसार मिलाउने कुरा भएको खुलासा गर्दै घटनामा दोषी उम्काउने खेल गरेको दाबी गरिन् । समुदायमा के गर्ने भन्ने र घटनाको यथार्थका बारेमा छलफल भएकोमा केटाले राख्ने भन्ने कुरा नगरेपछि आफूलाई अन्याय भएकाले प्रहरीमा पुगेको उनले बताइन् ।

पीडाका साथ उजुरी लिएर प्रहरीमा पुगेको र प्रहरीले मुद्दामा आलटाल गरेपछि सबै मेडिकल रिपोर्ट हेरेर जबरजस्ती करणी मुद्दा दर्ता गरेको भए पनि कुटेर गर्भपतन गराएको मुद्दा दर्ता नगरेको पीडितको गुनासो छ । प्रहरीमा मुद्दा गएपछि उक्त मुद्दालाई कमजोर पार्न आफूलाई जबरजस्ती फकाएर भारत लगेर बेहोस बनाई आफूलाई केही नभएको, जबरजस्ती करणी र गर्भपतनसम्बन्धी समस्या नभएको कागज बनाएर प्रहरीमा पेस गरेको सुन्नमा आएको युवतीको भनाइ छ ।

मुद्दालाई कमजोर पार्न मुस्लिम परम्परा अनुसार निका पढाउने भनेर भारत लगेको र केही दिन उतै बन्धकी राखेर भाग्न उम्कन नदिई, फोनसमेत खोसेर के कुन कागजमा निका पेपर भन्दै बेहोसी अवस्थामा सही गराएको र दुई हप्तापछि उम्केर नेपाल आएर प्रहरीमा मुद्दा कहाँसम्म पुगेको छ भनी सोध्न जाँदा हुलाकबाट तिमीले नै केही नभएको र विवाह गरेको पत्र पठाएको होइन ? भन्दै प्रहरीले बताएपछि आफूले सोबारेमा आफूलाई जानकारी नभएको प्रतिक्रिया दिँदा बलात्कारको मुद्दा दर्ता भएको र केटा फरार रहेको जानकारी दिएको पीडितको कथन छ । घटनाका बारेमा प्रहरीले अनुसन्धान नगरेको र गर्भपतनको मुद्दा दर्ता नगरेकाले पत्रकार सम्मेलन गर्दै मिडियामा आएको उनको भनाइ छ । घटनामा आरोपित इमरानका बुवा हसबुल मियाँले केटीले जालसाजी र निराधार आरोप लगाएको प्रतिक्रिया दिएका छन् ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमाण्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर	दमक	मेचीनगर	उर्लाबारी	इलाम, मंगलबारे	काकँरभिट्टा	झापा बजार
लोकबहादुर कुँवर : ९८४२६८३९९६ द्रोण अधिकारी : ९८४२६२८७९१	विष्णु सुब्बा : ९८५२६७०१३७ देविबहादुर बस्नेत : ९८१७९२४६२१	चारआली : ९८४२७०३०१३ गोबिन्द घिमिरे : ९८१५९५०१५०	रुपेन्द्र शेर्मा : ९८४२०९२४०६ विराटनगर क्रिएटिभ आई: ०२१-५२५६१	रणवीर लिम्बू ९८१६९८४७५७	फ्रेन्डसिप पुस्तक पसल ०२३-५६२४२४	बरत राजवंशी ९८१७०४९००१

आजको राशिफल

मेष	धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ ।
वृष	रोजगारको अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।
मिथुन	छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।
कर्कट	आज नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ।
सिंह	प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामान हराउन सक्छ।
कन्या	महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ
तुला	आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।
वृश्चिक	आज भाग्योदय हुनेछ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।
धनु	आज यात्रामा मालसामान हराउन सक्छ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।
मकर	मित्र वा आफन्तको सहयोग मिल्नेछ । बौद्धिकताको विकास हुनेछ ।
कुम्भ	आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यवसायबाट लाभ मिल्नेछ ।
मिन	दाम्पत्य जीवन सुखमय हुनेछ । बोलीको प्रभावले अरुको मन जित्न सकिनेछ ।